**Rigvedic Himalaya**
*Journal of Vedic Perspectives and Himalayan Cultures*
(A Peer-Reviewed, Open Access Journal; Indexed in NepJOL)
ISSN 3059-9431 (P), Vol. 2, December 2025
***Published by***
Mukta Foundation Pvt. Ltd., Pokhara
Email: info@muktafoundation.com.np URL:www.muktafoundation.com.np
*Copyright 2025© The Author(s). With permission of the concerned author(s), the publisher shall publish the articles for first edition. The journal is licensed under a Creative Commons Attribution-ShareAlike 4.0 International License.*
***DOI: https://doi.org/10.3126/jorh.v2i1.87089***

*Research*

# प्रकृति, संस्कृति र पर्यटनको अन्तरसम्बन्धः पर्या-नृवंशशास्त्रीय दृष्टिकोण

**कमलराज शर्मा**
***Corresponding Author**:* ssdks16@gmail.com, https://orcid.org/0009-0005-7704-4380
**Email:** info@muktafoundation.com.npURL:www.muktafoundation

***Submitted: 04 March 2025; Reviewed: 22 May 2025; Accepted: 29 Sep. 2025; Published 01 Dec. 2025***

## लेखसार

*सत्य जहिलेसुकै अगाडि बढिरहन्छ । शोधक भने त्यसको पछिपछि दगुर्छ । जतिजति सत्य खोज्ने प्रयास गरिन्छ सत्य पनि उतिउति परपर सरे जस्तो भान हुन्छ । यद्यपि, दिव्य दृष्टि वरिपरि लागेको कालो पर्दा च्यातेर हेरियो भने सापेक्षित सत्यज्ञानको नगिच पुग्न सहज हुन्छ ।*

*-शर्मा, २०२४ : ३६२*

### *अमूर्त कथन*

*प्राकृतिक-ब्रह्माण्डीय अन्तरक्रियात्मक प्रणाली समस्त चरअचर जगतलाई सक्रिय, चलायमान, उत्प्रेरित र उद्वेलित गर्ने केन्द्रिय तत्त्व हो । प्रकृति उपर निर्भर रहने संस्कृति र समस्त मानव व्यवहारको समीकरण (नेक्सस) बाट नृ-पर्यावरणीय प्रणाली निर्माण हुन्छ । मानव प्रकृतिप्रदत्त भौगोलिक वातावरण, वैज्ञानिक, ऐतिहासिक, सांस्कृतिक, धार्मिक, नैतिक, आर्थिक, प्राविधिक जस्ता सापेक्षित रूपमा विविधताका बिच जन्मन्छ, हुर्कन्छ, बस्दछ र जीवन समाप्त गर्दछ । बाँच्नका निमित्त मानवद्वारा निर्मित भौतिक र अभौतिक वस्तुको एकीकृत (सांस्कृतिक) विश्व पर्यावरणीय-प्राकृतिक प्रणालीको गर्भबाट पैदा हुनेभएकोले मानवका समस्त व्यवहार पनि यहि प्रणालीबाट निर्दिष्ट हुन्छ ।*

*पर्यटन प्रकृति, संस्कृति र मानव व्यवहारबाट पृथक अवयव होइन । उपरोक्त तत्त्वहरूको जटिल सम्बन्ध माथि आश्रित रहने निर्भर चलराशीको रूपमा पर्यटन प्रणालीको समग्र अवस्था सो*

*समीकरण बमोजिम चलायमान हुन्छ । यसबारेको अवलोकन, दर्शन, ज्ञान, विचार, सोंच, सुझबुझ, बोध, निर्णय, योजना र व्यवहार अनमेल भयो भने त्यसबाट उत्सर्जित परिणामले प्रणालीमा असन्तुलन र गडबडाहट पैदा गर्छ । ठोस अनुभव्य तथ्य सूचना वेगरको अवधारणाबाट खोक्रो सामान्यीकरण हुन्छ ।*

*यो दस्तावेजमा मुलतः प्रकृति, मानव, संस्कृति र व्यवहार जस्ता बहुआयामिक पक्षहरू बिचको कार्यकारण अन्तरसम्बन्ध र यसबाट पर्यटनको अवस्था माथि पर्ने प्रभावका साथै स्थानिक पर्यटन परिवेशमा उपरोक्त अवयवहरूको एकीकृत कार्यभूमिका र मोटामोटी अवस्थालाई पर्या-नृवंशशास्त्रीय दृष्टिकोणबाट चर्चा गरिएको छ ।*

**शब्दकुञ्जी :** नृ-पर्यावरण, संस्कृति, जलवायु परिवर्तन, जातिवाद, पर्यटन ।

## विषय प्रवेश

कहिल्यै नटुङ्गिने ज्ञान उत्पादन प्रक्रिया अविछिन्न छ । गति द्रुत र मन्द जस्तोसुकै होस् परिवेश सम्बद्ध घटकहरू चलायमान हुनेभएकाले ज्ञानको प्रकृति पनि गतिवान हुन्छ । एकल विधि, कोण र सूत्रबाट गरिने गतिवान परिवेशीय ज्ञानको व्याख्या र निचोडको वैधता प्रमाणित हुनसक्दैन । ज्ञान निर्माणको लागि बहुविवितधापूर्ण विधि प्रयोग गर्नुपर्छ । विश्व विचित्र, भिन्न र गुणकारी भएकोले नै हरेक चिजको मूल्य छ । यहि विचित्रताको यथाजानकारी ज्ञान हो । यद्यपि, भैरहेको तर थाहा नपाएको या नजानिएको तथ्यबारे जान्नु, जानकारी प्राप्त गर्नु र थाहा पाउनु मात्र ज्ञान नभएर त्यो भन्दा ज्यादा नभएको चिजबारे थाहा पाउनु या जे कुरा अस्तित्वमै छैन त्यो जान्नु थप परिष्कृत ज्ञान हो (शर्मा, २०२४:६) ।

मानव व्यवहार र संस्कृतिको प्रभावभन्दा बाहेक स्वतन्त्र रूपमा रहेका सम्पूर्ण चरअचर जगतको एकीकृत प्रणाली प्रकृति हो । प्राकृतिक प्रणालीको कुनै खास स्थितिमा मानव लगायत अन्य जैविक र अजैविक वस्तुहरूको अन्तरक्रियात्मक सम्बन्धबाट निर्मित तत्कालको वातावरण पर्यावरण हो । मानव खुद अन्य प्राणीसँगको सम्बन्धमा रहने एउटै पर्यावरण प्रणालीमा सम्बद्ध सक्रिय जीव हो भने संस्कृति त्यस्तो वातावरणमा बाँच्नको लागि मानवद्वारा निर्मित भौतिक र अभौतिक वस्तुहरूको एकीकृत र जटिल प्रणाली (शर्मा, २०८१, २०५४) हो ।

मानव र संस्कृति लगायत प्रकृतिका अन्य जैविक र अजैविक तत्त्व सम्मिलित भौतिक संसार बिचको अन्तरनिर्भर, अन्तरक्रियात्मक, पारस्परिक र अन्योन्याश्रित अन्तरसम्बन्ध आफैमा एउटा चलायमान संरचनात्मक स्वरूप हो । जैविक संसारको प्रणालीमा बेशी चञ्चल, सिर्जनशील, सचेतनायुक्त र क्रियाशील एवम् प्रभावकारी जीव भएकोले मानवको पर्यावरणसँग विशेष सम्बन्ध हुन्छ । त्यसैले, पर्यटन प्रणाली बारे ज्ञान निर्माण गर्दा यी तत्त्वहरूबाट बन्ने पर्यावरण प्रणालीलाई अनिवार्य समेट्नुपर्छ । प्रकृति-पर्यावरणको अस्तित्वसँग संस्कृति, मानव जीवन र पर्यटन गाँसिएको हुन्छ भन्ने एकीकृत दृष्टिकोणबाट हेर्न सकियो भने मात्र प्रकृति, सांस्कृतिक प्रणाली र पर्यटन सम्बन्धी ज्ञान, सिद्धान्त, अवस्था, अर्थ, औचित्य र प्रासङ्गिकता पुष्टि हुन्छ ।

स्थानिक माहोल भित्र र बाहिर पैदा हुने भौतिक अवस्था आखिर मानवको संस्कृति, मनोदशा र व्यवहारको प्रत्यावर्तन (रिफ्लेक्शन अफ इन्टर्नल मेन्टल सेटिङ) हो । प्रणाली-संरचनामा विद्यमान आन्तरिक परिवेशको शुक्ष्म र अनुभव्य अध्ययन वेगर बाह्य भौतिक अवस्थाको अवलोकनबाट मात्र पनि आन्तरिक मनोदशीय संरचना बारे जानकारी प्राप्त गर्न सकिन्छ । यो लेख प्रकृति, संस्कृति र पर्यावरण लगायत मानव मनोदशा बिचको जटिल अन्तरसम्बन्धलाई हेर्ने, व्याख्या र विश्लेषण गर्ने विहङ्गम पर्या-नृवंशशास्त्रीय विधिदृष्टिकोणको दृष्टान्त हो ।

## समस्या, प्रश्न र विधि

पर्यावरण र सांस्कृतिक चलराशीकै एकपक्ष पर्यटन प्रणाली उपर पर्ने प्रकृतिका बहुमुखी प्रभावहरू प्राविधिक भन्दा पनि ज्यादा सैद्धान्तिक र गुणात्मक हुन्छन् । ज्ञान उत्पादनका लागि पर्यटन बहुआयामिक सांस्कृतिक पक्षअवयव सम्बद्ध प्रणाली हो । यसलाई विश्लेषण, व्याख्या र बोध गर्न बहुसैद्धान्तिक र बहुविधिशास्त्रीय दृष्टिकोण अपनाउन आवश्यक छ । संस्कृति र पर्यटन प्रणालीको अध्ययनलाई केवल द्रव्यलाभ र उपभोक्तावादमा सीमित राखी प्रकृति दोहन गतिविधिहरू बनाइने सतहि धारणा र त्यसको विवरणात्मक प्रस्तुतिकरणबाट सत्त् ज्ञान प्राप्त हुँदैन । स्थानिक संसारको विशिष्ट सन्दर्भमा प्रकृति, संस्कृति, मानव व्यवहार, नीतिगत व्यवस्था र पर्यटन बिचको अन्तरसम्बन्धलाई एकीकृत दृष्टिकोण र बृहत्तर सैद्धान्तिक खाका भित्रबाट सम्बोधन गर्ने अनुसन्धान, अध्ययन र ज्ञाननिर्माणको अभाव देखिन्छ । प्रस्तुत लेख एउटा त्यस्तो भिन्नतम् दृष्टान्त हो जसले उपरोक्त अवयवहरूबाट बनेको एकीकृत, सर्वाङ्गीण र अन्तरक्रियात्मक प्रणाली भित्र हुने इन्टरफेसलाई पर्या-नृवंशशास्त्रीय खाका भित्र राखी आलोचनात्मक विश्लेषण र व्याख्या गर्ने प्रयास गरेको छ ।

पृथ्वीमा के मानवलाई मात्र बाँच्ने अधिकार छ ? वैश्विक र स्थानिक भूखण्डमा प्रकृति, मानव, संस्कृति, सभ्यता, ज्ञान, चेतना, बुद्धि, मनमस्तिष्क, तन, पर्यावरण र पर्यटन जस्ता एउटै प्रणालीमा सम्बद्ध अवयवहरूको अन्तरसम्बन्धको ढाँचा कस्तो छ ? त्यो कस्तो ऐतिहासिक अवस्था, आन्तरिक या बा» तत्त्वचरित्र, व्यवहार र रणनीतिक योजना हो जसका कारण संसारको सबैभन्दा उचाइमा रहेको स्थानिक भूखण्डमा श्रेष्ठ मानव जीवन, संस्कृति र पर्यटन प्रवर्द्धन, दिगो विकास र समृद्धिको दृष्टिकोणले सम्भावनायुक्त उर्वर, उन्नत प्राकृतिक, सांस्कृतिक, वातावरणीय र ऐतिहासिक विरासत तन्नम अवस्थाबाट गुज्रिरहेको छ ? उपयुक्त जनशक्ति, साधनश्रोत, इच्छाशक्ति मौजुद हुँदाहुँदै प्रकृति, संस्कृति र पर्यटनको अन्तरसम्बन्धित प्रणालीमा वेमेलता, भ्रमिता, दिशाहिनता, अराजकता, अनिश्चय, असन्तुलन, असफलता, निस्क्रीयता, धारासयी, दुरूहता र अर्थहिनता हावी भै पर्यटन प्रणालीले किन सार्थक अवस्था प्राप्त गर्न सकिरहेको छैन ? के अवलम्वित नियम, कानुन, नीति, निर्णय, रणनीति, सङ्घ, सङ्गठन, गतिविधिहरू प्रकृति, संस्कृति, पर्यटन र मानव जीवन बिच सन्तुलित सम्बन्ध निर्माणका निमित्त उपयुक्त छन् ? प्रकृति, मानव, संस्कृति र पर्यटन बिच कसरी पारस्परिक र सन्तुलित अवस्था सम्भव हुन्छ ? प्रस्तुत लेखमा मैले यिनै प्रश्नहरूको उत्तर प्राप्त गर्ने प्रयास गरेको छु ।

खोजमुलक र विश्लेषणात्मक प्रकृतिको यस अध्ययनको एउटा प्रमुख उद्देश्य विभिन्न तत्त्वहरूबाट प्रभावित निर्भरचलराशी पर्यटनको जटिल प्रणाली बारे जानकारी प्राप्त गर्नु हो । परन्तु: यो अध्ययन कुनै खास प्राकृतिक, सांस्कृतिक, मानव समुदायको बसोबास र पर्यटकीय स्थानको गहन अनुसन्धानमा आधारित छैन ।

एकीकृत प्रणालीमा सम्मिलित पर्यटन अवयव सम्बन्धी ज्ञान निर्माणको निमित्त तथ्य र सूचना सङ्कलन र प्राप्ति गर्न सूचना श्रोतको रूपमा प्रकाशित साहित्य, पुस्तक, पत्रपत्रिका, पूर्वप्रतिपादित सामान्य दर्शन, सिद्धान्त र दस्तावेजको पुनःरावलोकन जस्ता विधि उपयोग गरिएको छ। प्रस्तुत आलोचनात्मक अध्ययनको थप वैधता पुष्टि गर्न आवश्यक प्राथमिक सूचना प्राप्तिका निमित्त केहि पर्यटन क्षेत्रको प्रत्यक्ष अवलोकन, सम्बद्ध सूचनादातासँग अप्रत्यक्ष अन्तर्वार्ता र पर्यटन व्यवसायीसँग वैयक्तिक अन्तरक्रिया विधि समेत अवलम्वन गरिएको छ। प्राप्त गरिएका द्वितीय र प्राथमिक सूचना र तथ्यहरूलाई विहङ्गम खाका अन्तर्गत गुणात्मक विश्लेषण गरिएको छ।

## अवधारणात्मक प्रारूप

प्रकृति, मानव व्यवहार, संस्कृति र नीतिगत व्यवस्था परस्पर अन्तरसम्बन्धमा बाँधिएका हुन्छन्। पृथक अवयव नभएर बरु आश्रित-निर्भर चलराशी पर्यटन प्रणाली बहुआयामिक प्राकृतिक र सांस्कृतिक जटिलताहरूबाट प्रभावित हुन्छ । आयाम एक तर यस पछाडि बहुमुखी कारणहरू हुनेभएकोले तिनीहरू बिचको द्वन्दात्मक अन्तरसम्बन्धबाट पैदा हुने परिणाम पर्यटन पनि कार्यकारण अन्तरसम्बन्धमा बाँधिने एउटै संरचनामा सम्बद्ध अविभाज्य तत्त्व हो। यसरी पर्यटन मुलतः अन्य चलराशीको जटिल सम्बन्धबाट नियन्त्रित हुनेभएकोले जसैजसै मूल चलराशीको रूपमा प्राकृतिक घटकहरूको नियम र अवस्था परिवर्तन हुँदैजान्छ (वेनेट, १९७६) तसैतसै पर्यटन व्यवसायको अवस्था पनि वदलिँदैजान्छ । उपरोक्त चलराशीहरूको एकीकृत र कार्यात्मक अवस्था र तिनीहरू बिचको अन्तरसम्बन्ध बारे ज्ञान प्राप्त गर्न यहाँ एक अवधारणात्मक खाका उपयोग गरिएको छ।




पर्या-नृवंशशास्त्रीय अन्तरबन्धित प्रणाली

**(Interlocking Eco-Anthropological system)**

ऐतिहासिकता फरक भए पनि उपरोक्त तत्त्वहरू बिच श्रृङ्खलाबद्ध अन्तरसम्बन्ध हुन्छ। विश्लेषण गर्दा त यी तत्त्वलाई अलगथलग पारेर नै गर्नुपर्छ। यद्यपि ज्ञानको हिसाबले एउटै संरचना भित्रका यस्ता तत्त्वलाई पृथक विश्लेषण गर्नु मात्र पनि पूर्ण ज्ञान प्राप्त गर्नु होइन किनकि एउटै प्रणाली भित्र यी तत्त्वको अस्तित्व भिन्न

हुनैसक्दैन । किन र कसरी उपरोक्त अवयवहरू एकआपसमा गाँसिएका हुन्छन् ? संश्लेषण गरेर तिनलाई सर्वाङ्गीणतामा हेर्न सकिएन र तिनको सम्बन्ध कुन काल र कहाँनेर हुन्छ भन्ने प्रमाण देखाउन सकिएन भने यी तत्त्वबारे प्राप्त गरिएको ज्ञान र यस उपर गरिने तर्कवितर्क र वहसको अर्थ रहँदैन । यिनको बिचमा अटुट र निरन्तर अन्तरसम्बन्ध छ भन्ने धारणा बनाइयो भने मात्र यस्तो ज्ञान र दृष्टिकोण परिपक्व सावित हुन्छ । त्यहि भएर यहाँ प्रकृति, मानव व्यवहार, संस्कृति, नीतिगत व्यवस्था र पर्यटन जस्ता तत्त्वहरूलाई एकीकृत संरचनाको रूपमा व्याख्या गरिएको छ ।

## पर्यटनः अर्थ र परिभाषा

पर्यटन प्रणालीको बहुमखी अर्थ, कारण, प्रभाव र आयाम (मल्टिप्लायर मिनिङ् र इफेक्ट) (बोक्यर, १९९०, फेल्प्स ए., १९८६, मयर्स, १९८४, गार्टनर, १९९३, १९९६) हुन्छन् । बजार, व्यापार, होटल व्यवसाय, घुमफिर, भ्रमण, यात्रा, पर्वतारोहण, आवतजावत, दृष्यावलोकन, पहिचान प्रचारप्रसार, खानपान, मनोरञ्जन, परसंस्कृतिकरण, सिकाई, अनुभव, भिन्न जीवनशैलीका पर्यटक र व्यवसायी बिच सम्पर्क सम्बन्ध र अन्तरक्रिया, गार्हस्थ्य वातावरण नौलो र फरक वातावरणमा प्रवेश, आकर्षण, सहयोग, फूर्सदको समयको उपयोग, पूर्वाधार विकासको आधार, राष्ट्रिय आयआर्जनको महत्त्वपूर्ण श्रोत, रोजगारी, आयआर्जनमा वृद्धि, थरिथरिका वस्तु उपभोग, वैदेशिक मुद्रा आर्जन, दिगो जीवन निर्वाह, बचत वृद्धि,स्थानीय पुँजीगत वस्तु परिचालन, पुँजी निर्माण, उदारवाद, श्रम खोजी, सम्बन्धको अन्तर्राष्ट्रियकरण, निर्भरता, विवाह सम्बन्ध, धर्मपूत्र, आर्थिक र सांस्कृतिक उपनीवेश, अनुसन्धान, बौद्धिक सम्पत्ति फैलावट, वैचारिक प्रणालीमा नवीकरण आदि यावद तत्त्व पर्यटन प्रणालीमा समेटिएका हुन्छन् (शर्मा, २०२४ : २७७) । पर्यटन प्रणालीमा यी तमाम आयमको अहंम कार्यभूमिका हुन्छ भन्ने दृष्टिाकोणसँग ज्ञान उत्पादन प्रक्रिया जोडिन्छ ।

पर्यटन मानवजाति सांस्कृतिक विवरण (इथ्नोग्राफी) अर्थात्, नव-परम्परावादी दृष्टिकोण (नियो-ट्राडिशनल एप्रोच) (टर्नर, १९६९, १९८२, उरी, १९९०, १९९५) अन्तर्गत सञ्चालन हुन्छ । यसले मानव मूल्य मान्यता, भावना, उत्प्रेरणा, भाषा, भेषभूषा, शिक्षा, स्वास्थ्य, वातावरण, बसाईसराई, कार्यप्रणाली, दिगो आर्थिक विकास या समृद्धि, वातावरण र वोलिव्यवहार र संस्कृति परिवर्तन, बाटो, कृषि, परम्परा, सुरक्षा, सरकारी नीति निर्णय, राज्यीय सिमाना आदि क्षेत्रमा प्रत्यक्ष अप्रत्यक्ष प्रभाव पारेको हुन्छ । कुनै एक कालखण्ड, भूखण्ड, देश, राष्ट्र, टोल, समुदायमा सीमित नभएर विश्वव्यापि रूपमा फैलने भएकोले यो वैश्विक आर्थिक-सांस्कृतिक सञ्जाल सिर्जनामा महत्त्वपूर्ण आधार बन्दछ । नृवंशशास्त्रीय भाषामा भन्ने हो भने संस्कृति विनिमयको संयन्त्र पर्यटनबाट वैश्विक सम्बन्ध सञ्जाल र जीवनको विस्तार हुन्छ । यस अर्थमा पर्यटन प्रणाली मानव समुदाय र राष्ट्रिय सांस्कृतिक पहिचानलाई अध्ययनको महत्त्वपूर्ण अन्तरवस्तुको रूपमा लिन सकिन्छ ।

## आधारभूत दार्शनिकी र सैद्धान्तिक दृष्टिकोण

**दर्शन** विश्वब्रह्माण्ड र जीवनसंसारलाई दर्शन गर्ने, हेर्ने, व्याख्या गर्ने र त्यसलाई खास मूल्यमा फेर्ने प्रयासहरूको समग्रता हो । यो प्रकृति, मानव र सांस्कृतिक प्रणालीका सम्बन्धमा गरिने बर्णन, वहस, विमर्श र श्रेष्ठ मानव जीवन प्राप्तिको लागि अपनाइने नीति निरूपणको अभ्यास हो । दर्शनले प्रकृति, जीवन र संस्कृतिको अन्तरसम्बन्धबाट निर्मित प्रणालीमा पैदा हुने वेमेलपूर्ण, अनिश्चित र अन्तर्विरोधको अवस्थालाई

विवेकपूर्ण व्यवस्थापन र सुनिश्चित प्रणालीको लागि विवेकसम्मत लेखाजोखा गर्दै तार्किक निचोड निकाल्छ। यसका अतिरिक्त यसले प्रकृतिसँग सामेली हुदै भविष्यको मानव विश्व कसरी सञ्चालन गर्नुपर्छ भन्ने मूल्य सम्बन्धी नीतिनिर्देशन र कार्यदिशाको सिफारिश समेत गर्दछ । साथै प्रकृति, मानव र संस्कृति बिच पारस्परिक र सन्तुलित सम्बन्ध निर्माण गर्न अपनाइने नीतिको समष्टि र रणनीतिसम्बन्धी छलफल गर्दछ। विद्यमान प्राकृतिक, सांस्कृतिक, मानव जीवन प्रणाली र पर्यटन अवस्था चालु नियम, कानुन, नीतिनिर्णय, सङ्घ, सङ्गठन, अभ्यास र गतिविधि, लोकरीति, आचार, दैनानुदिनका व्यवहार, परम्परा, विश्वास र आस्था जस्ता तमाम आयामको सन्दर्भमा मानिसका साझा उद्देश्य, लक्ष्य, चाँसो, ध्येय, सरोकार राख्ने चेष्टा गर्दछ।

**सिद्धान्त** प्रकृति, मानव व्यवहार, संस्कृति, नीतिगत व्यवस्था र पर्यटन जस्ता चलराशी बिचको द्वन्दात्मक अन्तरसम्बन्ध (डायलेक्टिकल इन्टरप्ले) विश्लेषण र व्याख्या गर्ने विधि हो । सिद्धान्तले अतितको प्रकृति, संस्कृति, मानव जीवनको प्रणालीगत अवस्थाको ऐतिहासिक अन्वेषण, वर्तमान अवस्थाको तटस्थ विश्लेषण र निचोडको साान्यीकरण गर्दछ ।

पर्यटनलाई प्रकृति, वातावरणीय परिवेश, मानव व्यवहार, संस्कृति, नीतिगत व्यवस्था जस्ता पर्यावरणीय प्रणालीमा सम्मिलित अन्य चलराशीहरूसँग सम्बन्धित बनाएर ज्ञान हाँसिल गर्नका निमित्त विभिन्न दर्शन, सिद्धान्त, दृष्टिकोण, अवधारणा, नीति र रणनीतिगत पक्ष र अवस्था समेतलाई ध्यानमा लिनुपर्छ । ती चलराशीहरूको अन्तरसम्बन्धलाई हेर्न, वर्णन, व्याख्या र विश्लेषण गर्ने यहाँ केहि दार्शनिक र सैद्धान्तिक दृष्टिकोणहरूको उपयोग गरिएको छ ।

### वेदान्त दार्शनिकी

विश्वब्रह्माण्ड, मानव जीवन र जगतको वर्णन र व्याख्या सम्बन्धी संसारकै सबैभन्दा ज्येष्ठ वैदिक दार्शनिकी **ऋगवेदले** प्रकृतिलाई पानी, अग्नी, आकाश, पृथ्वी र वायु जस्ता पाँच तत्त्व लगायत अन्य चरअचर जगत, हिमालय र वातावरण सम्मिलित एकीकृत प्रणालीको रूपमा सम्पूर्णात्मक (होलिस्टिक) व्याख्या गरेको छ । प्राकृतिक वातावरणलाई विशेषगरी मनुष्यको आरोग्य जीवनको लागि हिमालय पर्वतलाई पवित्र स्थलको रूपमा चित्रण गर्दै प्राकृतिक तत्त्व, अवयव र तिनीहरूको भूमिकाका बिच शुद्ध र सन्तुलित सम्बन्ध कायम राख्न वातावरणको रक्षा र संरक्षण गर्नुपर्ने मनुष्यको कर्तव्य हो र यसले नै मानिसमा समृद्धि र शान्ति ल्याउँछ भन्ने मान्यता माथि जोड दिएको छ (ऋग्वेद, रिचा र सूक्तः १.१.१, १.१६४.४६, १.२२.१६, १.१४०.५, ३.२३.५, १०.९०) ।

**यजुर्वेद**ले पनि सूत्रस्तान, प्रकृतिसंस्कार, सुश्रुत र चरक जस्ता संहितामा प्रकृति, मानवक्रिया र संस्कृति, मन्त्रउच्चारण, यज्ञ अनुष्ठान आयोजना बिचको सम्बन्धलाई प्राकृतिक परिवेशको सन्दर्भमा व्याख्या र वर्णन (यजुर्वेद, सूत्रः १.७) गरेको छ । **सामवेदले** अर्चिका, कण्व, मध्यमदिन, शांकायन जस्ता शाखामा उल्लेख गरिएका अग्नि, जल र सूर्य जस्ता मन्त्रहरूमा प्रकृति र मानव जीवनको सम्बन्ध (सामवेद मन्त्र) सम्बन्धी विस्तृत धारणा उल्लेख गरेको छ । धार्मिक, प्राचीन स्थल, यात्रा मार्ग, सांस्कृतिक धरोहरको संरक्षण, नृ-पर्यावरणीय पर्यटनको माध्यमबाट गरिने प्रकृति संरक्षणलाई विशेष महत्त्व दिएको छ। त्यसैगरी, **अथर्ववेदले** पनि प्रकृति, प्राकृतिक शक्ति र संस्कृति बिचको सम्बन्धको व्याख्या गर्दै प्राकृतिक संसार, जीवजन्तु,

वनस्पतिको सम्मान, सहअस्तित्व र मानव जीवनको उत्कृष्ट उद्देश्यका बिच सामञ्जस्यता, सुसङ्गतता, परस्परपूरक र अन्तरनिर्भर भूमिका माथि जोड दिएको छ (अथर्ववेद, खण्डभाग: ११, १२, १३,) ।

**उपनिषदहरूका** अनुसार, एक अद्वितीय र शाश्वत अस्तित्वको रूप प्रकृति ब्रह्मको एक अभिन्न अङ्ग हो । प्रकृति र मानव सहअस्तित्व, संस्कृति, धर्म, ब्रह्म र मानवक्रिया जस्ता तत्त्वहरू एकआपसमा सन्तुलन, परस्पर निर्भरता, अद्वैत तथा एकताको सिद्धान्त, आनन्द, सत्यमेव जयते अङ्गालिएका छन् । प्रकृतिले आदिशक्ति, सम्पूर्ण सृष्टि र विश्वको निर्माण र लयलाई सञ्चालन गरिरहेको छ (इशोपनिषद, श्लोक: १; कठोपनिषद, श्लोक: २.१.१, २.२.१; छान्दोग्य उपनिषद, श्लोक: ३.१४.१-३, ६.२.१, ६.८.७; मुण्डकोपनिषद, श्लोक: १.१.७, २.२.५; तैत्तिरियोपनिषद, श्लोक: २.१.१, २.१.२; आदित्योपनिषद, श्लोक: ३; बृहदारण्यक उपनिषद, श्लोक: १.४.१०, २.१.२०) । संस्कृति, प्रकृति र मानिसको भलाइ, चेतना, आत्मज्ञान, तत्त्वज्ञान र आध्यात्मिक दृष्टिकोण बिच सहसम्बन्धको स-व्याख्या गरेको छ ।

**भागवत गीताले** प्रकृति, मानव र संस्कृतिको बिचको सन्तुलित सम्बन्धको महत्त्व माथि जोड दिएको छ । यसले कर्मयोग, ध्यानयोग ज्ञानविज्ञान योग, भक्तियोग, विभूतियोग, मोक्षसंयोग योगका साथै सत्व, रजस र तामस जस्ता सृष्टि, मानव र प्रकृतिका तीन गुण र प्रकृति र संस्कृति मिश्रणको प्रक्रिया 'प्रकृतिरमण', प्रकृति र ब्रह्माण्डको महिमा, प्राकृतिक वातावरण र दिव्यता, भौतिक संसार र संस्कृतिको विविधता, मानव जीवनका उद्देश्य, आत्मज्ञान र परिष्कृत मानसिकता, आत्मिक शान्ति, उन्नति र बोध, अनि ब्रह्मा, सूर्य, अग्नि र वायु मिश्रित प्रकृतिको सन्तुलित प्रणाली (अध्याय ६, अध्याय ७, श्लोक: ७.४ र ७.५, अध्याय ९, अध्याय १०, श्लोक: १०.२०, अध्याय ११) को व्याख्या गरेको छ ।

### अष्टाबक्र गीता

सत्य एउटै हुन्छ, दुईवटा होइन । त्यो सत्य प्रकृति हो । सारा प्रकृति जगतको दर्पण मानिसको आफ्नै मन हो । द्वैतवादले आफू र अरुलाई अलगअलग देख्छ । यहि चिन्तनधारा नै दुःखको मूल हो ।अद्वैतवाद द्वैत सत्ता विरुद्ध ज्ञान पैदा गर्ने एक मामुली जिज्ञासा मात्र हो । अष्टाबक्र गीताले प्रकृति, पर्यावण, मानव जीवन, आत्म, ब्रह्म र संस्कृतिको एकतालाई बाह्य संसारबाट नभएर आफै भित्रको दार्शनिक र नैतिक मूल्य, आत्मिक र आध्यात्मिक तत्त्वको अद्वैततावादसँग सम्बन्धित गराएर बोध गर्नुपर्छ भन्ने अन्तरदृष्टिमूलक ज्ञानको अनिवार्यता माथि जोड दिएको छ (अष्टाबक्र गीता, अध्याय: १,२,४,७ : श्लोक १६) । पर्यटन मूलतः यहि आत्मिक र आध्यात्मिक तत्त्व र अद्वैततावादसँग गाँसिएको छ ।

पर्यटन केवल कुनै स्थलको दर्शन र भ्रमण गर्नु मात्र नभएर प्रकृति र आफैले आफूलाई बुझ्न, आन्तरिक शान्ति, चेतनशील यात्रा, जागरुकता, आनन्द र आत्मज्ञान प्राप्त गर्न गरिने निरन्तरको प्रक्रिया हो । पुराण र स्मृतिहरूले वर्णन गरेका अध्यात्म, ध्यान, साधना, यज्ञ र धर्म जस्ता तपस्वी क्रियाकलाप लगायत भौतिक तथा आध्यात्मिक विहार, तीर्थयात्रा, घुमघाम र फरक स्थलहरूको भ्रमण गर्दा मानिसमा हुने आत्मज्ञान र शान्तिको अभिवृद्धि, आत्मिक शान्ति र उन्नतिको अवसर, जागरुकता, विश्वास, आध्यात्मिक समृद्धिसम्बन्धी (कठउपनिषद, श्लोक: २.४.१२; भागवत गीता: ९.२२, १८.६६; मनुस्मृतिः २.७०; विष्णुपुराण: १.१३.५६) पराज्ञानलाई प्रकृति, संस्कृति, पर्यटन गतिविधिसँग गाँसेर हेर्नसकिन्छ ।

## बौद्ध पराभौतिकी

बौद्ध दर्शनको केन्द्रीय विधि प्रतीत्यसमुत्पादवाद विभिन्न तत्त्वहरूको निर्भरउत्पत्ति वा कारणकार्य र अन्तरसम्बन्धको (इन्टरकनेक्टेडनेस र डिपेन्डेन्ट ओरिजिनेसन) सैद्धान्तिक अवधारणा माथि आधारित छ । यस अनुसार प्रकृति, मानव अस्तित्व, संस्कृति र पर्यावरण बिचको अन्तरसम्बन्ध हुन्छ । प्रकृति परस्पर जडित चरअचर तत्त्वहरूको एक सजीव, अनित्य र परिवर्तनशील प्रणाली हो । यसले पर्यावरण, वातावरण, संस्कृति र मानवलाई आपसी निर्भर, सम्मान, एक अस्थिर र सापेक्ष तत्त्वको रूपमा हेर्दछ । प्राकृतिक संसाधनहरूको विवेकपूर्ण उपयोग वा **'मिताहार',** संरक्षण र सन्तुलन, विपश्यना वा ध्यान, आत्मशान्ति माथि जोड दिन्छ (धम्मपद, सुत्तपिटक, अगत्तर निकाय, महापरिनिर्वाण सूत्र, विपश्यना सूत्र) । चेतना विकासको 'अप्पदिपो भव' र आध्यात्मिक यात्राको अवधारणासँग सम्बन्धित "यो संसार अत्यन्तै रमाइलो र सुन्दर छ, यहाँ बस्नु अत्यन्तै आनन्द छ" भन्ने बुद्धको अन्तिम बाणी (आइकेदा उद्धृत, १९७६ : १३५) जस्तो भौतिक प्रकृति केन्द्रीत दृष्टिकोण प्रकृति, संस्कृति र पर्यटन गतिविधि बिचको अन्तरसम्बन्ध सन्बन्धी ज्ञान आर्जनको लागि ज्यादै उपयोगी हुन्छ ।

यसरी उपरोक्त उल्लेखित मन्त्रगायन, सङ्गीत, अनुष्ठान, यज्ञ उत्सव, आध्यात्मिक साधना र मानसिक विश्राम, मनशान्ति, आध्यात्मिक पर्यटन सम्बन्धी तमाम दार्शनिक सिद्धान्त, दृष्टिकोण र दस्तावेजहरूको पुनःरावलोकनबाट धार्मिक सांस्कृतिक ऐतिहासिक पर्यटकीय स्थलहरूको आध्यात्मिक भ्रमण, प्रचारप्रसार, प्राकृतिक वातावरण र पर्यावरण संरक्षण र पर्यटन व्यवसायका बिच हुने अन्तरसम्बन्ध बारेका ज्ञान हाँसिल गर्नका साथै यसबाट स्थानीय संस्कृतिको संरक्षण, मन, शरीर र मस्तिष्कलाई शान्त पार्न आध्यात्मिक पर्यटन प्रवर्द्धन सम्बन्धी अन्तरदृष्टि प्राप्त हुन्छ । यिनले पर्यटनका विभिन्न आयाम जस्तोः पर्यावरणसँग मानव समुदायको सम्बन्ध, दर्शन र जीवनका उद्देश्यहरू, आध्यात्मिक, प्राकृतिक शक्ति र सांस्कृतिक सम्पदा, अनुभव्य दृश्य र ध्यान, आत्मचिन्तन, सद्गुण, मानसिक शुद्धता र शान्ति, प्रकृति र मानव जीवनको सम्मान सम्बन्धी ज्ञानको अध्ययन र अनुसन्धानलाई मार्गप्रशस्त गर्दछन् जसलाई पर्यटनसँग जोडेर दृष्टिकोण निर्माण गर्न सकिन्छ । यहाँ उपरोक्त दर्शन दृष्टिकोणहरू उपयोग गरिएको छ ।

## पर्या-नृवंशशास्त्रीय दृष्टिकोण

जैविक (सजीव-प्राणी एवम् सुक्ष्म जीव, वनस्पति) र अजैविक (निर्जीव-जमिन, हावापानी तथा जलवायु, माटो, ढुङ्गा, खनिज, ग्याँस, ताप आदि) तत्त्व मिलेर बनेको समुच्च अवस्था प्राकृतिक पर्यावरण हो । संस्कृति मानव निर्मित भौतिक तथा अभौतिक वस्तुको समष्टिगत प्रणाली हो । अस्तित्व बचाइ राख्न एक्लै या समूहमा मिलेर भौतिक पर्यावरणसँग निरन्तर सम्बन्धमा रहेर जे जे अन्तरक्रिया र कृत्रिम उपाय मानवले अपनाउँदै आएको छ त्यसको समष्टि सांस्कृतिक पर्यावरण हो । सांस्कृतिक पर्यावरण प्रकृति र पर्यावरणबाट भिन्न नभएर अविछिन्न छ । तात्पर्य के हो भने मानव जैविक रूपमा प्राकृतिक प्रणालीकै उपज भएकोले उसको सांस्कृतिक प्रणालीको जन्म पनि प्राकृतिक वातावरणकै गर्भबाट भएको हो । यसरी मानव, संस्कृति लगायत सबै जीव वनस्पति परस्पर अन्तरसम्बन्धित-सङ्गठित पारिस्थितिक-पर्यावरणीय प्रणाली प्रकृतिसम्बद्ध अंश-अगहरू हुन् (इन्टरलकिङ्ग इकोलोजिकल सिस्टम) (स्टेवार्ड, १९५५; रयापापोर्ट, १९६८; प्रिचार्ड, १९७०; ह्वाइट, १९४०; हार्डेस्टी, १९७५; ली, १९७९; वर्लभ, १९८०) । यसरी पर्या-नृवंशशास्त्रीय दृष्टिकोणमा पर्यावरण भनेको प्रकृति

र मानव निर्मित सांस्कृतिक संरचना बिचको श्रृङ्खलाबद्ध अन्तरक्रियात्मक सम्बन्धको समष्टि हो जहाँ प्रकृति र मानव दुवै पारस्परिक रूपले निरन्तर र सँगसँगै प्रभावित हुन्छन् । मानवका सचेतनयुक्त क्रियाकलाप उसको मनोवैज्ञानिक, आर्थिक, राजनैतिक, धार्मिक, सांस्कृतिक क्रियाकलापबाट अभिव्यक्त हुन्छ । यहि कारण जैविक-भौतिक-प्राकृतिक पर्यावरणीय र अर्को मानवको सचेतनयुक्त कृत्रिम सांस्कृतिक जस्ता दुई बेग्लाबेग्लै तर अन्योन्याश्रित संसार अस्तित्वमा आउँछ । यसरी मानव निर्मित सांस्कृतिक संरचना अन्योन्य रूपले सम्बन्धित भएर भौतिक पर्यावरणीय प्रणालीलाई प्रभावित गर्ने महत्त्वपूर्ण अङ्ग बन्छ ।

नियम अनुसार वातावरणले मानवलाई खास खास जीवनशैली अपनाउन वाध्य पार्छ । वातावरणमा विविधता भएकोले मानव संस्कृति पनि विविध हुन्छ । मानव जस्तो वातावरणमा जन्मन्छ, हुर्कन्छ र बस्छ, बाँच्नको लागि उसले त्यस्तै प्रविधि, तौर तरिका, खानपान, पहिरन र उपाय अवलम्वन गर्छ । मानवले वातावरणमा आफ्नो हित पर्गेल्न विभिन्न उपाय र प्रविधि निर्माण गर्छ । यस्तो उपाय र प्रविधि संस्कृतिको अङ्ग हो ।

यस अर्थमा सम्पूर्ण प्राकृतिक श्रोत सम्पदा र मानव सांस्कृतिक संरचना बिच भैरहने निरन्तर अन्तरक्रियात्मक सम्बन्ध मेरो अर्थमा समष्टि पर्यावरण हो । अझ यसो भनौं कि जीव, वनस्पति, माटो, ढुङ्गा, जलवायु आदिको जीव-भौतिक प्रणाली र राजनीतिक, आर्थिक र ऐतिहासिक तत्त्व सम्मिलित सांस्कृतिक प्रणाली बिचको अन्तरसम्बन्ध एवम् अन्तरक्रियाद्वारा सिर्जित कूल संरचना नै पर्यावरण हो । यसरी प्रकृति र मानव निर्मित संस्कृति दुवै एउटै प्रणालीका अविभाज्य अङ्ग-भाग-अंश हुन् । यस भन्दा बाहेक मानव र मानव निर्मित सांस्कृतिक सम्पदाको स्वतन्त्र अस्तित्व हुनैसक्दैन ।

भौतिक वातावरणमा संस्कृति सिर्जना गर्नका निमित्त थुप्रै विकल्प र अवसर विद्यमान हुन्छन् । अर्थात्, वातावरण संस्कृति सिर्जनाका लागि सम्भावनाको पुलिन्दा हो । यहि सम्भावनाबाट मानवले आफूलाई उपयुक्त लाग्ने संस्कृति छनोट गर्छ । यसरी मानवले संस्कृति मार्फत् प्रकृतिसँग सम्झौता (थम्पसन, १९७६) गरिरहेको हुन्छ । यस अर्थमा पर्यटन व्यवसाय पनि संस्कृति मार्फत प्रकृतिसँग गरिने सम्झौता हो ।

वरपर रहेको वातावरणसँग मिलेर बाँच्नको लागि हरेक मानिसले त्यहांको भौतिक र वस्तुगत परिस्थितिमा सङ्घर्ष गर्नुपर्छ । प्रकृति र वातावरणमा जीवित रहेर मानिसले आफ्नो अस्तित्व बचाइ राख्नको लागि नयाँ प्रविधि आविष्कार गर्छ । यस अर्थमा मानव, संस्कृति र वातावरण भिन्ना भिन्नै पक्ष हैनन् । बरू यी एक अर्काका प्रतिद्वन्द्वी हुन् । यिनीहरू द्वन्द्वात्मक अन्तरसम्बन्धमा बाँधिएर पारस्परिक रूपमा प्रभावित हुन्छन् । जस्तो संस्कृतिले वातावरणलाई असर गर्छ । वातावरणले पनि संस्कृतिलाई प्रभावित गर्छ । संस्कृतिले वातावरण वा प्रकृतिमा जस्तो असर गर्छ प्रकृतिले पनि संस्कृति (मानव) माथि त्यस्तै असर पार्छ । दुवै पारस्परिक तथा 'जस्तालाई तस्तै' अर्थात्, 'टिट फर ट्याट' (स्टेवार्ड, १९५५) तर्फ प्रवृत्त हुन्छन् ।

जब प्रत्येक स्वार्थी प्रवृत्तिहरू दीर्घकालिनरूपमा सबैको क्षति गर्नेगरी प्राकृतिक रूपले सिर्जित साझा र सीमित श्रोतहरूको अधिकतम, स्वच्छन्द, अनियन्त्रित र असीमित दोहन गर्न अधिक स्वतन्त्र हुन्छन् तब प्रकृति, मानव, संस्कृति र पर्यावरण सम्मिलित पर्यावरणीय प्रणालीमा असन्तुलन र गडबडाहट पैदा हुन्छ । लगानी र पुनःजीवनको शून्यताका कारण श्रोतकै स्फिति (डिप्लेसन) गराउने गतिविधिबाट पर्यटन उद्योग

व्यवसायमा पनि 'सामूहिक वियोगान्तक' (टेजेडि अफ द कमन्स) सिद्धान्त अवस्था पैदा (हार्डिन, १९६८) हुन्छ। मानवले पर्यटन व्यवसायमा संस्कृतिको माध्यम मार्फत अपनाएको प्रकृतिसँगको प्रतिद्वन्दितालाई उपरोक्त नियमसँग गाँसेर हेर्नुपर्छ ।

## पर्या-पर्यटन

पर्या-पर्यटन भौतिक, सामाजिक, व्यवहारिक र मनोवैज्ञानिक पक्षमा पर्ने नकारात्मक प्रभाव न्यूनिकरण गर्ने र प्राकृतिक वातावरण संरक्षणको संस्कृति निर्माण गर्ने, दिगो स्थानिक जनसमुदायिक जनजीवन, पर्यावरणीय विषमा शिक्षा दिने, पर्यटक र व्यवसायीलाई सकारात्मक अनुभव गराउने, यथाअवस्थाको सव्याख्या गर्नको लागि प्राकृतिक परिवेशमा गरिने घुमफिर र यात्रा हो (टिआइइएस, १९९०) । अर्को अर्थमा, स्थानिय वातावरणीय र सांस्कृतिक सम्पदा सम्बन्धी सुझबुझ, सम्मान, संरक्षण र दिगो पर्यावरणीय अवस्था कायम गर्ने, स्थानिक परिवारको आयआर्जन बृद्धि गर्नेगरी प्राकृतिक क्षेत्रको अनुभव गर्ने मानव गतिविधि हो (इए, १९९१) ।

स्थानिक अवस्था र समग्र तथ्यको अवलोकन गर्ने हो भने पर्यावरणीय पर्यटन (इकोटुरिज्म) दृष्टिकोणले मुलतः प्राकृतिक संसाधन र वातावरण, स्थानीय जनसमुदाय र सांस्कृतिक सम्पदाहरूको संरक्षण र विकास बिचको सन्तुलन, स्थानिक समुदायलाई पर्यावरण र सांस्कृतिक धरोहरको महत्त्वको बारेमा शिक्षा, चेतना, जागरुकता बढाउनु, प्रार्कतिक श्रोतहरूको विवेकपूर्ण उपयोग, जङ्गल यात्रा (नेचर ट्रेल्स) र वन्यजीव पर्यटनमा 'संरक्षण र यात्रा' को सिद्धान्तलाई आत्मसात गर्ने संस्कृतिको अभाव देखिन्छ । यसबाट जैविक विविधता र वन्यजन्तु संरक्षण, पर्यावरणमा नकारात्मक असर परिरहेको छ ।

## अर्थराजनीति, पर्यटन र संस्कृति

राजनीति राज्य र नागरिक जीवन बलियो बनाउन गरिने नीति निर्माणको अभ्यास हो । ज्ञान उत्पादनको लागि पर्यटन प्रणालीलाई आर्थिक र राजनीतिक दृष्टिकोणसँग गाँसेर अध्ययन गर्नुपर्छ। प्रकृतिसँग मानिसको पहिलो जम्काभेट राजनीतिक गतिविधि मार्फत हुन्छ । देशको नीति, सरकार, कानुनी संरचना, सुरक्षा, स्थिरता, पर्यटन योजना सञ्चालन, पूर्वाधार निर्माण र भौतिक संरचनाहरूको सुधार, अन्तर्राष्ट्रिय कुटनीतिक सम्बन्ध निर्धारण सबै एकीकृत प्रणलीसँग गाँसिएर रहने पहलुहरू हुन् । राजनीतिक परिस्थितिले पर्यटनको अवस्था निर्धारण गर्छ । वैश्विक स्तरमा हुने भू-कुटनीतिक (भूराजनीति होइन) टकरावको घटनाले पर्यटन प्रणालीलाई प्रभाव पार्छ । चार वैश्विक शक्तिहरू बिच चलिरहेको टकरावबाट स्थानिक भूखण्डको पर्यटन प्रणाली आक्रान्त बनेको छ। अर्थप्रणालीको विशिष्टता जस्तोसुकै होस् यो दृष्टिकोणले प्रतिव्यक्ति आम्दानी र जिडिपि बढाउन उत्पादनमा वृद्धि र जीवन निर्वाह गर्ने ध्येयसँग सरोकार राखेको छ। प्रकृतिसँग सहअस्तित्व र सहजीवनमा मात्र अर्थराजनीतिक संस्कृति र मानवको अस्तित्व जीवित रहनसक्छ। तर अहिले मुलधारी बजारमुखी नाफाप्रवृत्त नवउदारवादी आर्थिक प्रणालीका पक्षधर शक्ति राष्ट्रका एक्टर्सहरूले पर्यावरण उपर खलल पारिरहेका छन् । जुनसुकै लागतमा प्रकृतिको जमीन, समुद्र, भूमण्डलीय श्रोतसम्पदा-जल, जमीन, जीव र जैविक विविधता-को अविवेकी र अनियन्त्रित दोहन गरेर खूद मानव र पृथ्वीको अन्त्य निम्त्याइरहेका (उप्रेती, २०२४:५८-५९) छन् । प्रकृति प्रतिकूलका तमाम हरकतबाट अर्थराजनीतिक अवस्था समस्याग्रस्त बनेसँगै स्थानिक विश्वको पर्यटन प्रणाली पनि चक्रव्यूहमा फँसिरहेको छ ।

## जलवायु परिवर्तन र पर्यटन प्रणाली

प्रकृति र मानव जीवनका शाश्वत मूल्यहरू पर्यावरण, पर्यटन र संस्कृतिसँग गाँसिएका हुन्छन् । पर्यटन र प्राकृतिक अवयव (नदी, पर्वत, हिमायल, वन लगाएत अन्य पर्यावरणीय स्थान) र परिदृष्यहरू, ऐतिहासिक, आध्यात्मिक साधना र योग, वास्तुकला, स्थानीय समुदाय, भाषा, कला, साहित्य, भोजन प्रकार, परम्परागत उत्सवहरू, स्थानीय उत्पादन, धार्मिक र सांस्कृतिक सम्पदाहरू सबै परस्पर अन्योन्याश्रित छन् । वैश्विक तापमान वृद्धिले प्रकृति, मानव, संस्कृति र पर्यटन स्वभावमा प्रत्यक्ष प्रभाव पार्दछ । यसरी पर्यटन क्षेत्र जलवायु परिवर्तनबाट प्रभावित हुन्छ । यस दृष्टिकोणले प्राकृतिक परिवेश, जलवायु परिवर्तन, पर्यटन व्यवसाय र गतिविधका बिच सहसम्बन्ध हुन्छ । जलवायु परिवर्तनको अत्यधिक दवावबाट जैविक विविधतामा क्षति भैरहेको तथ्यले यसको वैधता पुष्टि गर्दछ ।

जतिवेला जलवायु परिवर्तनले पर्यटन उपर प्रभाव पार्छ त्यहि समयमा पर्यटनले पनि हरितगृह ग्याँस उत्सर्जन गरी पृथ्वीमा तापक्रम वृद्धि गराएर वैश्विक स्तरको जलवायु परिवर्तनमा महत्त्वपूर्ण योगदान गर्दछ । सांस्कृतिक, आर्थिक र वातावरणीय अवस्था वदलेर जलवायु परिवर्तनले पर्यटन क्षेत्र उपर ज्यादै महत्त्वपूर्ण दवाव सिर्जना गर्दछ । उच्चदरमा तापक्रम वृद्धि र चरम ढाँचामा हुने मौसमको फेरवदलबाट पर्यटनको माग र आपूर्तिमा प्रभाव पार्छ । पर्यटन गन्तव्यको आकर्षण र पर्यटकको व्यवहार वदल्छ । यसर्थः प्रकृति, संस्कृति र पर्यटन बिचको अन्तरसम्बन्ध सम्बन्धी अनुसन्धान र अध्ययनको लागि पर्यटनमा दयनीय र भयावह अवस्था पैदा गर्न योगदान गर्ने मानव क्रियाकलाप अत्यन्तै महत्त्वपूर्ण हुन्छ (तेनरिसेभर; पामुक्चु, व्याडेजिन, २०२४) ।

अहिले जलवायु परिवर्तन, संस्कृति र पर्यटनको सम्बन्ध सम्बन्धी मुद्धा वैश्विक मानव समुदायको निमित्त ज्यादै पेचिलो बनेको छ । प्राकृतिक संसाधनको दुरूपयोग र प्रदूषणमा वृद्धि भै प्रकृति र सांस्कृतिक अवयव बिचको सन्तुलनमा व्यवधान पैदा भएको तथ्य विभिन्न अध्ययनहरूले प्रष्ट पार्छन । कल कारखाना र मोटर गाडीबाट उत्सर्जित धुवाँधुलो र वन जङ्गल विनाशबाट वायुमण्डलमा कार्वन डाइअक्साइड र अन्य प्रदूषित ग्याँसको मात्रा वृद्धि भैरहेको छ । यसबाट पृथ्वीमा परेको सूर्यको ताप परावर्तित प्रक्रियामा रोकावट भैरहेको छ । पृथ्वीको हरियो स्थानमा प्रकाश भित्र पस्ने तर बाहिर आउन अवरूद्ध पार्ने हरितगृह प्रभावको कारण पृथ्वीको तापक्रम (ग्लोवल वार्मिङ) प्रत्येक वर्ष १.५ डिग्री सेल्सियसको दरमा बढिरहेको छ । हरितगृह प्रभाव सामान्यतया निरन्तर चलिरहने प्राकृतिक प्रक्रिया भए पनि मानव संस्कृति र क्रियाकलापकै कारण पृथ्वीका सम्पूर्ण प्राणीको लागि खतरनाक सङ्कट बनिरहेको छ । जलवायु (मण्डल) परिवर्तनको कारण मानवले आफ्नो अस्तित्वको सङ्कट सामना गरिरहेको छ । अहिलेका प्रत्येक वयस्क युवा सन्ततिमा अनपेक्षित असर गरेको छ ।

सन् २०१५ मा सम्पन्न सार्क सम्मेलनले ग्लोवल वार्मिङका कारण नेपाल, भारत, बंगलादेश, पाकिस्तान जस्ता देशहरूको सांस्कृतिक सम्पदा, समुद्रतटीय उचाइ वृद्धिका कारण द्विप राष्ट्रहरूको सामुद्रिक किनारहरूमा हुने पर्यटन गन्तव्य र उद्योग जस्ता भौतिक आर्थिक क्षेत्रमा जलवायु परिवर्तनले पारेको गम्भीर र जोखिममुलक असर सम्बन्धी मुद्धालाई प्रमुखताका साथ उठायो । यस अनुसार, अत्यधिक हिउँ पग्लाईका कारण मानव लगायत प्राणीका अन्य धेरै प्रजातिहरूको अस्तित्व सङ्कटमा परेको छ । बाढी, सुख्खा, चर्को गर्मी, आगोबाट

जङ्गलको भष्मीकरण र मच्छरजन्य रोगका नयाँनयाँ प्रकोपहरू बढेर मानव जीवन र स्वास्थ्यमा भयानक नकारात्मक असर पार्नुका साथै सांस्कृतिक, धरोहर र परम्परागत जीवनशैली, खाद्य सुरक्षा, प्रवास, कृषि प्रणाली, जैविक विविधता, प्रजातिय विलुप्ति र पर्यावरणीय संयन्त्र, व्यापार, व्यवसाय र अर्थतन्त्रमा समेत ज्यादै नोक्शान पुर्याएको छ ।

प्रतिव्यक्ति आम्दानी र जिडिपि वृद्धि गर्ने भन्ने नाममा गलत सांस्कृतिक र आर्थिक गतिविधि अपनाएर प्रकृतिको अविवेकी दोहनका कारण कार्बनडाइअक्साइड उच्चदरमा उत्सर्जन भैरहेको छ । पृथ्वीको तापक्रमा वृद्धिबाट जलवायुको अवस्था परिवर्तन भएकोले मानव क्रियाकलापमा दवाव परेको छ । **उदाहरणः** तापमान उच्च भएकाले हालैका बर्ष दुवईमा कृत्रिम बर्षा (क्लाउड सेडिङ) पैदा गर्दा जनजीवन तन्नम भयो । विशेषगरी पर्यटनका निमित्त हिमाली गन्तव्यहरू जस्तो सगरमाथा, अन्नपूर्ण लगाएत अन्य क्षेत्रमा हिउँ पग्लने दर र तापमान वृद्धिका कारण भैरहेको जलवायु परिवर्तनले पर्यटकको आवागमन, ट्रेकिङ, पर्वतारोहण र अन्य साहसिक यात्रा र गतिविध, पर्यटन गन्तव्यहरूको आकर्षणमा सङ्कुचन, गन्तव्य पहुँचमा कठिनाई, आर्थिक प्रणाली र मौसम प्रणालीमा अस्थिरता, बढ्दो प्राकृतिक प्रकोप, बाढी, पैह्रो, भूस्खलन, भूकम्प, आपतकाल, प्राकृतिक सुन्दरताको क्षयिकरण, पर्यटन उद्योग व्यवसायी र स्थानिक समुदायको आम्दानीमा गिरावट, अत्यधिक गर्मी र वर्षाको कारण होटल, रेष्टुरेन्ट, भरिया, सवारी यातायात, गाइड जस्ता पर्यटन व्यवसायमा ह्रास, रोजगारीको अवसरमा गिरावट, वेरोजगारी सङ्कट, समुद्री जलस्तर वृद्धि, चट्याङ, आँधी, ज्वालामुखी विस्फोट, सुख्खा, वन्य जीवका प्रजाति, हिमपंक्षी, जैविक र अनुवांशिक विविधता नष्ट, कृषि र खाद्यान्न आपूर्तिमा सङ्कट, सेवाको स्तरमा गिरावट, सौन्दर्यात्मक आकर्षक गन्तव्यमा कमी, अर्थतन्त्रमा नकारात्मक असर प्रभाव (डब्लुसिइडि, २०८७; मोफोर्थ र मुन, २००३, २००९; फ्रिडमेन, २००८; इसिमोड, २०११; एनटिवि, २०१३; शर्मा इ. एट अल, २०१४; बज्राचार्य एट अल, २०१६; गुरुङग र सुवेदी, २०१५; एन टि एच एम जे, २०१८; विस्वासं. २०२१; आइपिसिसि, २०२१; यु एन डब्लु टि ओ, २०१९, २०२०, २०२३; युएनडब्लुटिओ, २०२२; थनवर्ग, २०२२) पारेको छ । समाजकेन्द्रितवादी पर्यावरण र पृथ्वीप्रथम विश्वदृष्टि र प्रकृतिकेन्द्रीत मानवतावादी प्रकृत्या सह जीवनम् दृष्टिकोण (उप्रेती, २०२४) विपरितका हरकतहरू भैरहेका छन । पृथ्वी तात्तिएको कारण अत्यधिक हिउँ पग्लिएर नदि र खोलानाला सुक्दैगएको र जङ्गल मासिएर वातावरण प्रदूषित हुँदैगएकोले पृथ्वीविरुद्ध मानवले चलाएको युद्ध आफैविरुद्धको युद्ध बनेको छ ।

## धकेल्ने र तान्ने तत्त्वको गतिशीलताः अवधारणा, जनपुँजी वहिर्गमन र पर्यटनको स्थानिक अवस्था

"धकेल्ने" तत्त्व आन्तरिक उत्प्रेरणाको श्रोत हो । यस अन्तर्गत त्यस्ता सांस्कृतिक, राजनीतिक, आर्थिक, ऐतिहासिक, प्राकृतिक (युद्ध, अशान्ति, अस्थिरता, अपहरण, लुट, हत्या, डकैति, वेरोजगारी, असमानता, बाढी, भूकम्प, अनिकाल, अभाव, प्रकोप, प्रतिकूल मौसम, कठिन जीवन यापन) जस्ता उप्रेरकहरू हुन् जसले मानिसहरूलाई आफ्नो स्थानिक थातथलोबाट बाहिर वहिर्गमन र पलायन हुन वाध्य पार्छ । "तान्ने" तत्त्व त्यस्ता ऐतिहासिक, राजनीतिक र सांस्कृतिक रूपले सुनिश्चित र सुरक्षित जीवनका निमित्त उपलब्ध बाह्य अवस्थाहरू हुन् जसले मानिसहरूलाई स्थायी अथवा अस्थायी रूपले त्यसतर्फ स्थानान्तरण हुन प्रेरित गर्छन् (कनकराज र विन्दु, २०१३:२७; ३०६-३१६, जुमरिन, २०१८) । "पुस" र "पुल" फ्याक्टरको अवधारणा पर्यटन उद्योग प्रणालीमा सम्बद्ध अवयवहरू-साहसिक यात्रा, घुमफिर, खेलकुद, सांस्कृतिक उत्सव, आकर्षक

पर्वतारोहण, शान्तिपूर्ण र सुरक्षित गन्तव्य यात्रा सम्बन्धी मानिसको निर्णय र छनोट गर्ने कार्यप्रक्रिया, तिनको बिचमा हुने सन्तुलन र विग्रह र खास प्रवृत्ति र अवस्था-को व्याख्या गर्नमा उत्तिकै महत्त्वपूर्ण हुन्छ ।

पर्यटन सर्बथा चलिरहने उद्योग हो । देशको अर्थतन्त्रलाई जीवन्त राख्न पर्यटनको ज्यादै ठूलो भूमिका हुन्छ । दैनिक दुईदेखि तिन हजार र तिन महिनामा बाह्र लाखको सङ्ख्यामा उपभोग गर्ने जनशक्ति वहिर्गमन भैरहेको अवस्था छ । अध्ययनका लागि विदेश जाने युवा विद्यार्थी र पुँजी पलायनको अवस्था झनै भयावह छ । मानिस मात्र होइन गत आर्थिक वर्षमा मात्र पनि एक खर्ब बयालिस अरव रूपियाँ (राष्ट्र बैंक, २०७९) बाहिर गएको छ । चालू आर्थिक वर्ष (२०८०-८१) को शुरू महिना (श्रावण) मै करीब एघार अरब भन्दा ज्यादा रकम र करीब डेढ लाख विद्यार्थी वैदेशिक अध्ययनको नाममा बाहिरिएको हो ।

स्वतन्त्र दाबी अनुसार, कूल उत्पादनशील जनशक्तिको ९५ प्रतिशत (करीब ८० लाख) नेपाली कामकै लागि बाह्य विभिन्न देशमा छिरलिइरहेका छन् । भारत बाहेक अन्य मुलुकमा छिरलिएका लाहुरेको सङ्ख्या करीब चालिस लाख रहेको स्वीकारिएको छ । बैरो विभागले अध्यावधिक गरेको आँकडा (२०७९) अनुसार पनि करीब पचपन्न लाख लाहुरेले कामको अनुमतिको लागि सम्बन्धित देशको आधिकारिक निकायमा निवेदन गरेका छन् । यी तमाम अवस्थाले स्थानिक विश्वको पर्यटन व्यवसायको सङकुचन, पुँजी लगानी, उत्पादन र उपभोगको ज्यादै विकराल अवस्था (शर्मा, २०८०) सङकेत गर्छ ।

२०१९ मा करीब दशलाख बाह्य पर्यटक आएकाले वैदेशिक मुद्रा आर्जनबाट यसले व्यापार घाटा र बाह्य ऋणको भार घटाउन सहयोग पुगेको भन्ने दाबी गरिएको थियो । यद्यपि, आन्तरिक बेरोजगारी दर ३.२० प्रतिशत (उत्पादनशील जनसङ्ख्याको झण्डै २९ प्रतिशत), सङ्कुचित आन्तरिक श्रम बजार, चालू कूल बजेटको झण्डै आधा (आठ खरब) भाग भन्दा बढी अर्थात, तिस प्रतिशत जिडिपि रेमिटयान्सबाट भरथेग, आन्तरिक करबाट आठ खरब राजस्व, कूल बजेटको आधा भन्दा ज्यादा साधारण खर्च, विकास बजेटको २० प्रतिशत मात्र शालिन्दा खर्च, देशको एक वर्षको वजेटभन्दा ज्यादा वैदेशिक-सार्वजनिक ऋण (पच्चिस खरब एक्काइस अरब), पुँजी लगानी तेजोवध, एक वर्षमा उन्नाइस खरबको सामान आयात, शून्य प्राय निर्यात, असुरक्षित निजी र सार्वजनिक पुँजीगत लगानी, पुँजी र श्रम पलायनको कहालिलाग्दो परिदृष्य, बढ्दो व्यापार घाटा र आर्थिक तरलता, छः खरब वेरूजु (महालेखा प्रतिवेदन, २०७७ आषाढ), २५ प्रतिशत नेपाली गरिबीको रेखामुनी, अनमेल र अनिश्चय चरम तरल आर्थिक, सांस्कृतिक, राज्यीय र राजनैतिक संरचना, राज्यविहिनता, विधिविहिनता, बजार र अर्थतन्त्र माथि एकाधिकारी प्रभुत्व, नियन्त्रित-अनियन्त्रित कालो बजारिया (ब्ल्याक मार्केट-ओलिग्यार्की), राज्य श्रोतको अवैध दोहन, आर्थिक भौतिक जीवनको आधार समाप्ति, स्थानिक समूह, राष्ट्र, परिवार, टोल, समुदाय र राज्यबाट जनशक्ति र सामर्थ्य पलायनका कारण पर्यटन व्यवसायमा विषमता, सङ्कट, आन्तरिक पुँजी समाप्ति आदि परिणाम अनुभव भैरहेको छ ।

## उपभोक्तावादी संस्कृति र पर्यटन

उपभोक्तावाद र पर्यटन बिच गहिरो सम्बन्ध हुन्छ (हिगिन्स-डेसबाइलेस, २०१९) । उपभोक्तावादी दृष्टिकोणमा पर्यटनलाई व्यक्तिले उपभोग गर्ने वस्तु र सेवाको रूपमा लिइन्छ । यस हिसाबले पर्यटक सुविधाजनक र आरामदायी गन्तव्य, अनुभव र सांस्कृतिक वस्तुको आम उत्पादन, खरिद र उपभोग गर्ने उपभोक्ता हुन्छ ।

यसबाट जनसङ्ख्या वहिर्गमन, आगमन, पर्यटन प्रवर्द्धन, भोगवादी प्रवृत्ति, नयाँ उद्योग र व्यापार, रोजगारी र आयआर्जनमा वृद्धि जस्ता तत्त्वहरूको अन्तरसम्बन्ध स्थापित हुन्छ । रोजगारी सिर्जना, विदेशी मुद्रा आर्जन, ग्रामीण विकास जस्ता अर्थतन्त्रका आयामहरूमा पर्यटनको महत्त्वपूर्ण योगदान हुन्छ । परन्तुः पर्यटकहरूको अत्यधिक चापबाट पर्यटकीय स्थल र पर्यावरणीय तन्त्रमा गम्भीर असर पर्दछ । स्थानिक परम्परा, बजार, प्राकृतिक स्थल जस्ता सांस्कृतिक अवयवको वस्तुकरणको अभाव, प्रतिकूल परिस्थितिका कारण आन्तरिक उत्पादनमा आएको गिरावट आदि कारणले स्थानिक उपभोग दरमा ज्यादै विषमता पैदा भैरहेको छ ।

## जातिवाद, आतङ्कवाद, युद्धसंस्कृति र पर्यटन अवस्था

जातिवाद यस्तो गैरराजनीतिक, सांस्कृतिक, स्वयच्छाचारी र अधिनायकवादी विधि हो जसले प्राकृतिक श्रोतसंसाधन उपर समान पहुँचको अधिकार विरुद्ध विशेष समूहले आफ्नो एकलौटी अधिकार स्थापित गर्न चाहन्छ । यसबाट प्रकृति, मानव, संस्कृति, पर्यावरण र पर्यटन उपर गम्भीर असर पर्छ । फलतः परस्पर युद्ध, अशान्ति, आतङ्क, अस्थिरता, जाति सफाया र नरसंहार (जेनोसाइड), पर्यावरणीय सकङ्ट, भिन्न समुदाय प्रति असहष्णिु, निर्णय प्रक्रियामा बहिष्करण, शिक्षा, स्वास्थ्य, न्याय प्रणाली, कानुनी व्यवधान, उपनिवेशी मानसिकता, जातीय भेदभाव, विभाजन, दमन र असमान व्यवहार, परम्परागत सांस्कृतिक विविधता र जीवनशैलीको पहिचानमा नकारात्मक असर, मूल्यहरूको अपमान र असम्मान, स्थानिक ज्ञान र इतिहासको विनष्ट (डु वोइस, १९०३; मेम्मी, १९५७; फ्यानन, १९६१; बुलार्ड, २००२; नाश, २००२; सेइद, १९७८) जस्ता घटनाहरू पैदा हुन्छन् ।

जातिवादले विभिन्न सांस्कृतिक समूह बिच झगडा सिर्जना गर्छ । यसले श्रमको मूल्य र पर्यटन उद्योगमा पनि असमानता र समस्या खडा गर्दछ । जस्तो यसले पर्यटन प्रणाली भित्र या त एक जातिको पहुचलाई मात्र बढावा दिन्छ या त आरक्षणको नाममा योग्यता विपरित अयोग्य कामदार राखेर व्यवसायलाई नै धारासायी बनाइदिन्छ । जातीयताले पर्यटन व्यवसायमा संलग्न कामदार उपर शोषण, असान उपचार, श्रम मूल्यमा पनि भेदभाव सिर्जना गर्छ । यसका कारण अन्धकार पर्यटन (दार्क टुरिज्म) व्याप्त भै पर्यटन उद्योगले विकास गर्न सक्दैन (लेनोन र फोले, २००५) ।

हेलम्बु, मुस्ताङ, मनाङ, कालिञ्चोक लगाएत अन्य क्षेत्रमा भिन्न सांस्कृतिक समुदायका मानिसहरूलाई होटल व्यवसाय गर्न निषेध गरिएको अवस्था विद्यमान छ । भरखरै मात्र अवलोकित पाथिभरा केवलकार निर्माण गर्ने विषयलाई लिएर ताप्लेजुङमा अनेकथरि ग्याङगका बिच ढुङगामुढा र खुकुरी हानाहानको अवस्थालाई दृष्टान्तको रूपमा लिन सकिन्छ । यसरी जातिवादी संस्कृति पर्यटन प्रबर्द्धन गतिविधिमा व्यवधान गर्ने तत्त्व हो ।

विकास, आधुनिकता, भूमण्डलीकरण, मानव अधिकार, विधिको शासन, धर्मनिरपेक्ष, विज्ञान, प्रविधि, प्रजातन्त्र जस्ता नारामा बेशी रूची राख्ने र प्रभुत्वको लागि युद्ध कन्सपाइरेसी रणनीति लागु गर्नु र उल्टो हरकतमा सक्रिय रहनु आतङ्कवादी युद्धसंस्कृति (शर्मा, २०२४:३६५) हो ।

युद्धसंस्कृतिले भौतिक प्राकृतिक वातावरणीय पर्यावरण प्रणालीमा मात्र नकारात्मक असर पार्ने नभएर मानिस थातथलोबाट विस्थापित भएर अज्ञान स्थानमा स्थानान्तरण हुन वाध्य हुनुका साथै सांस्कृतिक अनमेल र द्वन्द पैदा गर्दछ । निरन्तरको युद्ध, लुटपाट, हमला, आक्रमण, क्याप्चर, हत्या, डकैति, खुनखरावा, हिंसा र

प्रभुत्व विस्तार, षडयन्त्र सिद्धान्त उपयोग, घुसपैठ, ध्वंस, विनाश, बरबादी अनि फेरी द्रुत भौतिक निर्माण, वैभवता र पुनःप्रभुत्व प्राप्ति र निरन्तरता प्रभुत्ववादी विश्वको अविछिन्न विशिष्टता रहदैआएको छ । यसकै घनिभूतिकरणबाट रैथाने सांस्कृतिक र भौतिक शारीरिक जीन नष्ट भएर त्यो जीन प्रकृति र मानव अस्तित्व समाप्त पार्ने वर्णशङ्करमा रूपान्तरण भैरहेको छ ।

वैश्विक युद्धबाट सिर्जित हुने प्रतिकूल परिस्थितिले जनपुँजी वहिर्गगमनको अवस्था पैदा गर्दछ । यसले प्रकृति, मानव, संस्कृति माथि गम्भीर प्रकारको दीर्घकालिन असर पुर्याउँछ । युद्धका दौरान अणुबम विस्फोट, रासायनिक हतियारको प्रयोग, सुरुङ्ग युद्ध, समुद्र र नदीहरूमा जैविक विषको प्रयोग, सैन्य गतिविध आदिले जल, वायु र भूमिमा वातावरणीय प्रणाली, प्राणी अधिकारको उल्लङ्घन, सांस्कृतिक संरचना र धरोहरहरूको विघटन र विनाश, लाखौं मानिसको अनाहकमा मृत्यु, ऐतिहासिक स्थल, सङ्ग्राहलयहरूको विनष्ट, मानसिक र शारीरिक आघात र पीडाका कारण जीवनस्तर र सम्बन्धमा गिरावट अधिकतम र स्वच्छन्द उपभोगबाट सामान्य सम्पत्ति त्रासदीमा परिणत (क्लाउजविट्ज, १८३२; फ्यानन १९६१; जोन र होवार्ड, १९९८; स्कमिड र वैडाउर, २००३; लिष्क, २००६; क्लार्क र लौरिए, २००६) भएको छ । युद्धका कारण पर्यटन यात्रा र गन्तव्यहरू असुरक्षित बनेका छन् जसले पर्यटकहरूको यात्रा प्रवृत्ति र मानसिकतामा अस्थिरता र ह्रास ल्याएको छ (स्मीथ, २००४; मार्क र एलेन, २००७) । यहि कारण पर्यटन प्रणालीमा समेत ठूलो सङ्कट आएको छ ।

नेपाल बहुजातिय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक र बहुपर्यावरणीय तत्त्व समिश्रित आर्थिक सम्पन्नता, सामरिक, राजनीतिक संस्कृति समृद्धिको दृष्टिकोणले सबै सम्भावनाले भरिपूर्ण अत्यन्तै उर्बर स्थानिक भूखण्ड । विविधतापूर्ण प्राकृतिक-सांस्कृतिक अवस्थितिको मनोरम र आकर्षक सौन्दर्यको अजङ्ग स्थानिक परिवेश । भिन्नतम् जीवनशैलीका समुदाय, 'वसुधैव कुटुम्बकम्' उपर विश्वास र अतिथि देवो भवको संष्कार, रहनसहन, श्रमशीलता, जैविक विविधता जस्तो  प्रकृतिको कोटिकोटी वरदान प्राप्त, शिवनाथ शालीग्राम (जिवात्मा) उत्पत्ति भएको शैव भूमि । गुरु गोरखनाथको बासस्थान । बुद्ध साधनाको थलो । संसारभरीको विज्ञानको आधार वेद सिर्जना गर्ने, चिन्तक र खोजकर्ता ऋषिमुनीले बास गरेको देश । ज्ञानविज्ञान भूमि, देवभूमि, पूण्यभूमि र तपोभूमि । प्राकृतिक चिकित्सा (आयुर्वेद), कृषि, मनोविज्ञान, वैदिक वाङ्गमय, संस्कृति र सभ्यताको श्रोत भूमि । विकास र समृद्धिको लागि स्थानिक प्रकृति र भूखण्ड अद्वितीय दृष्टान्त । भूपरिवेष्टित नै सहि संसारकै सबैभन्दा उच्च स्थानमा अवस्थित मेरो देश । विश्वको शिरमै बास गर्ने मानवको देश । गौरवपूर्ण इतिहासको मेरो देश । विश्व दर्शन दृष्टिकोण जस्ता विविध विशेषताको प्रचुरता आन्तरिक पुँजीवाद, राज्यको भौतिक जीवन र लोकतन्त्रको विरासत । संसारभरीकै अनुपम अनुकरणीय, विकसित, समृद्ध, सभ्य, सुसंस्कृत, शिक्षित र आनन्दित, संसारकै नेतृत्व गर्ने गुरुको देश, सर्वव्यापि र सर्वकालिक दिव्योपदेश राष्ट्रिय नीति र रणनीति बिन्यास गर्ने देश । तर सगरमाथा, अन्नपूर्ण लगायत हिमालय पर्वत श्रृंखला, तालतलैया जस्ता प्राकृतिक सौन्दर्य, साहसिक पर्यटनको लागि उपयुक्त स्थान, ट्रेकिङ, पर्वतारोहण, र्‍याफ्टिङग, सस्तो र किफायति यात्रा, इकोटुरिज्मको सम्भावना, ऐतिहासिक विविधताले भरिपूर्ण सांस्कृतिक सम्पदा र धरोहरहरूले पर्यटन विकासको उच्च सम्भावना देखाएको छ भने अर्कोतिर कृत्रिम रूपमा पैदा गरिएका अशान्ति, अस्थिरता, असुरक्षा, आतङ्क, लुटपाट, बाटो, असुरक्षित आकाश, खराब सडक, न्यून ज्ञान

र चेतना, स्थानीय समुदायको बेवास्ता, विज्ञापन र अन्तर्राष्ट्रियकरणको अभाव, पूर्वाधारको अभाव, यावद स्थानिक समस्याले पर्यटन प्रणालीलाई निराशाजनक अवस्थामा धकेलिरहेको छ ।

स्थानिक अवस्थाको अवलोन गर्दा प्रमुख उपभोक्ताको रूपमा गाउँमा युवा क्याटेगोरीको उपस्थिति ज्यादै न्यून र यसबाट गाउँ पर्यटनको अवस्था पनि नाजुक बन्दैगैरहेको छ । शहरी पर्यटनको अवस्था उस्तै छ । विशेषगरी सुगौली सन्धिदेखि सक्रिय कहिले प्रत्यक्ष त कहिले सुषुप्त त कहिले लुप्त, र २०२६-३२ ताकाको अझ विशेषगरी २०५२ सालदेखिको सक्रिय आतङ्कवादले उपभोक्ता र पर्यटन व्यवसायीको अवस्था तन्नम बनेको छ । वनस्पति, जीवजन्तु र स्थानिक संस्कृति र साझा हित बिरुद्ध गरिने व्यक्तिगत लाभका गतिविधि र सोचका कारण पर्यटकीय वातावरणीय प्रणालीमा समेत गडवडाहट पैदा भएको छ ।

## पर्यटन नीति र यथार्थ

पर्यटन सर्बथा चलिरहने उद्योग हो । देशको अर्थतन्त्रलाई जीवन्त राख्न पर्यटनको ज्यादै ठूलो भूमिका हुन्छ । ऐन, नीति र कार्यक्रम पर्यटनसँग प्रत्यक्ष गाँसिएको हुन्छ । पर्यटन नीति २०६५ जारी छ । नेपाल पर्यटन बर्ष २०११ तामझाम र भव्यताका साथ मनाइयो । पर्यटन दृष्टि २०२० पनि घोषणा गरियो । पर्यटन पूर्वाधार विकास गर्ने, पर्यटन गतिविधि वृद्धि गर्ने, ग्रामीण क्षेत्रमा रोजगारी सिर्जना गर्ने, पर्यटनबाट प्राप्त फाइदा स्थानीय स्तरमा बाँडिचुडी गर्ने (पर्यटन नीति, २०६५) पर्यटन सम्बन्धी चार राष्ट्रिय नीति लिंदै लगायत निजी क्षेत्रको मूख्य भूमिका, निजी साझेदारी विधिमा जोड, ग्रामीण पर्यटन र समुदायमा आधारित गृह बसाई पर्यटनमा जोड, संकट व्यवस्थापन समिति निर्माण गरेर पर्यटन परिषदलाई सक्रिय बनाउने रणनीति लिइएको छ । पर्यटन सुविधा लगानी वृद्धि भएको र स्थानीय पर्यटन प्रवर्द्धन भएको दाबी समेत गरिएको छ ।

वर्षेनी १५-२० लाख पर्यटक भित्रिएको छद्म आँकडा प्रस्तुत गरिन्छ । तर पर्यटकको प्रकृति हेर्ने हो भने शिबरात्रीमा पशुपतिमा पाहुनाको रूपमा वोलाइएर ज्वाईभान्जाको रूपमा दक्षिणा लिएर जाने नाङ्गाबाबा, भियतनाम, कम्वोडिया, थाइल्याण्ड, बर्मा, श्रीलङ्का, चीन जस्ता मुलुकबाट आएर गुम्बामा बस्ने बौद्ध भिक्षुहरू, विवाहपञ्चमीमा जानकी मन्दिरमा दर्शन गर्न आउने दर्शनार्थी, तिब्बती शरणर्थी, रोहिङ्गा, हजार रुपियाँको कोठा भाडा छ भने तिनसयमा बस्न बार्गेनिङ् गर्ने, मागीखाने र सडकमा सुत्ने ठगहरूलाई समेत पर्यटकको रूपमा गणना गरिन्छ । यसरी देखाइने आँकडाले पर्यटन प्रबर्द्धन हुदैन ।

आर्थिक वर्ष २०७५-२०७६ को आँकडा हेर्ने हो भने नेपालको कूल गार्हस्थ्य उत्पादनमा पर्यटन क्षेत्रको योगदान चार प्रतिशत पुऱ्याउने लक्ष्य राखिएकोमा प्रगति भने अत्यन्तै निराशाजनक (२.५ प्रतिशत) मात्र देखियो । पर्यटन व्यवसायको माध्यमबाट रोजगारी अवसर विस्तार गर्ने राष्ट्रिय नीति लिइएको दाबी गरिएता पनि खुद उपभोक्ता र उत्पादनशील जनशक्ति बहिगर्मित छ । विरोधाभाष ! आन्तरिक पुँजीवाद र लोकतन्त्र तेजोवधकहरू यस अवस्थाको पूर्ण जिम्मेबार ।

नदी र खोलानालाको प्राकृतिक अधिकार मिच्ने सकिने **प्रकृतिअमैत्री** नीतिले गर्दा गत आश्विन महिनामा आएको बर्षाका कारण काठमाण्डौ लगायत देशका कैयौ होटल, भवन, व्यापार, रिसोर्ट, मानव र अन्य प्राणी प्रजाति तवाह भए । पूर्व पश्चिम, हिमाल तराई पहाड, ठाकुरद्वारा कैयौ होमस्टे, होटेल र रिसोर्टहरू खाली

देखिन्छन् । पर्यटक बास बस्ने कैयौं घरहरू खण्डहर बनेका छन् । श्रृणको पासोमा परेर कैयौं होटेल लिलाम भएका छन् । प्राकृतिक श्रोत साधन (चुरेभावर) को अनियन्त्रित दोहन, व्यापक रूपमा अवैध गतिविधि र तस्करी भैरहेको छ । शान्ति समन्वयको अनुपम दृष्टान्त स्थानिक सांस्कृतिक विरासत आज आन्तरिक पुँजीवाद र लोकतन्त्रको तेजोवध भएर असुरक्षित स्थल बनेको छ ।

सचेतन दमन र राज्यीय जीवनका भौतिक आधार समाप्त पारेर स्थानिक जीवन विश्वमा पर्यटन प्रणालीमा कार्टेलिङवादको नियन्त्रण व्याप्त छ । पर्यटनको नाममा सङ्गठित अपराध, ठगी, कमिशन र भ्रष्टाचारको विगविगी । उपार्जक र राष्ट्रिय पुँजीको प्राण पर्यटन उद्योग मटियामेट जस्तै छ । सुरक्षित आकाश, जमीन, लोक र संस्कृति (स्काइ, ल्याण्ड, पिपल र कल्चर) जस्ता अवयव सबै असुरक्षित छन् । लोकतन्त्र बेगरको विराजनीतिक प्रणाली विद्यमान छ । उत्पादन बेगरको विअर्थप्रणाली लादिएको छ । प्रकृति र भू-नीति बेगर कृषि क्रान्तिको नारा लगाइएको छ । यसले गर्दा पर्यटन क्षेत्र दुरुह बन्दैगएको छ । स्वधिनता विनाको फोस्रो संवैधानिक अधिकार पस्किएको छ । 'स्ट्राटेजिक प्लान र प्रोग्राम' बेगर अस्तिTव विनाको पर्यटन प्रणालीको आग्रह गरिएको छ । पर्यटन प्रणालीबाट समृद्धिको पदुस्वप्ना देखाउनेहरूको मजाक मञ्चन स्थल बनेको छ । **'साङ्ग्रिला'** बन्नुपर्ने स्थानिक पर्यटन प्रणाली आज परनिर्भर, मगन्ते, विग्रहमा रूपान्तरित जोखिमपूर्ण र **'गुमनाम क्षितिज'** बनेको छ (शर्मा, २०२४) ।

**एक तुलनात्मक दृष्टान्त**

अरबियन महासागरको किनारामा अवस्थित यूएइमा संलग्न सातवटा राज्य मध्ये एउटा दुवई । कूल जनसङ्ख्या करीब नब्बे लाख । त्यस मध्ये जम्मा बाइस लाख त्यहाँको स्थानिक-रैथाने (?) । सम्पूर्ण जमीन मरूभूमि । एक मुठि माटो, एक टुक्रा ढुङ्गा, एउटा फूल र वनस्पति समेत बाहिरबाट आयातित । कूल राष्ट्रिय आयमा पन्चानब्बे प्रतिशत पर्यटनको योगदान । अन्तर्राष्ट्रिय पर्यटन आकर्षणको केन्द्रको रूपमा उदियमान । भौतिक समृद्धिको एक अदभूत दृष्टान्त । केहि क्षण दुवईको अवलोकन, केहि क्षण नेपालको पुनःरावलोकन । तुलनात्मक दृष्टिकोणबाट समग्र अवस्थाको संश्लेषण गरेर हेर्दा यस्तो लाग्छः जहाँ केहि छैन सबैथोक छ । यहाँ सबैथोक छ तर केहि छैन । दुई देश बिचको भिन्नताः अन्य देशको वैभवता ! स्थानिक भूखण्डको रूग्णता !

बलियो राज्य र नागरिक जीवनको प्राप्ति स्वयं प्रकृति, राजनीति, अर्थप्रणाली, मानव व्यवहार र संस्कृति बिचको सन्तुलित सम्बन्धबाट मात्र सम्भव छ । तर यस्तो सम्बन्ध टुटेको छ । प्रकृतिद्रोहि, मानवद्रोहि, संस्कृतिद्रोहि र देशद्रोहि र प्राकृतिक सौन्दर्य, श्रोतसाधनको पर्यटनअमैत्री, अविवेकी र निर्मम दोहकलाई राजनीतिक माहोल सुम्पिएको छ । प्रकृति, मानव, पर्यावरण र संस्कृति प्रतिको सम्मान र प्रेमको अभाव छ । प्राकृतिक संसाधन माथि एकलौटी कब्जा छ । यसबाट प्रकृति र मानवोचित सांस्कृतिक सम्पदाको विनाश भैरहेको छ । प्रकृतिको व्यभिचारी उपभोगले पर्यटनको धर्म र मर्म नै नाश गराएको छ । प्रकृतिको वेवास्ता गरेर द्रव्य कमाउनमा सीमित छ यहाँको पर्यटन । पर्यटनको मुटु पोखराको फेवातालको अधिकार अपहरण गरेको कैयौं दशक भयो । द्रव्य कमाउनकै लागि प्रकृतिको अविवेकी दोहन गर्ने गतिविधिका कारण वरिपरिका हिमालयले पर्यटनको जीवन कहाँ पुर्याइदियो ? खानपानका परिकार, नाचगान, गीत र प्रदर्शन सबै बाहिरको ।

कसरी हुन्छ पर्यटन प्रणालीको प्रवर्द्धन ? हेलिकप्टर चढेर काला पत्थर बनेको सगरमाथा आधारशिविरमा गएर नाटकीय नीति घोषणाले मात्र पर्यावरणलाई सन्तुलित बनाउन सक्तैन । आवश्यकता र समस्या पहिचान, चेतना, धारणा, दिगोपना बोध गर्न असमर्थ संगठनात्मक नेतृत्व, स्थानीय कर्तापात्रहरूको अविवेकी गतिविधि र सरोकारवाला सबै यस अवस्थाका जिम्मेवार कारक तत्त्व हुन् ।

## निष्कर्ष

प्रकृति सर्बेसर्बा, सार्वभौमिक र स्वतन्त्र छ । प्रकृतिले आफ्नै शक्तिशाली नियम मार्फत आफनो सन्तुलन आफै मिलाउँछ । आफ्नो अधिकार आफै तय गर्छ ।कर्ता र उसको क्रियाकलापले प्रणाली उपर नियन्त्रण (गभर्न) गर्यो भने गडबडाहट पैदा भै प्रणाली समाप्त हुन्छ । यसप्रकारले प्रकृतिप्रदत्त प्रणालीसँग सामेली हुननसक्ने मानवको अस्तित्व उन्मूलन त हुन्छ हुन्छ, बाँकि प्रकृति र मानवको विनाशसँगै पर्यटन व्यवसाय पनि समाप्त हुन्छ । प्रकृति माथिको कर्ताको एकलौटि अधिकारले मानव आफै समाप्त हुदैछ । प्रकृतिको मनपरी दोहन र उपभोग मार्फत जिडिपि बढाउन लक्षित गतिविधिले प्रकृति र जलवायु प्रणालीमा आघात पारेको छ । भोग र जिडिपिको बढोत्तरीबाट जलवायु परिवर्तनबाट प्राणीका लाखौं प्रजाति नष्ट भएका छन् एकातिर भने यहि कारण जलपरिवेष्टित देश (सिलक्ड कन्ट्री) पानीमा डुबेर देशविहिन हुँदैछन् । नेपाल जस्तो देश जलवायु परिवर्तनमा मुख्य दोषि छन् भन्ने भाष्य खडा गर्दै यो देश हडप्ने दाउपेची षडयन्त्र रचिनसक्छ । यसबाट ‘न बज्यो बाँसुरी न रह्यो बाँस’, ‘धोविको कुकुर घरको न घाटको’ जस्तै प्रकृति बिनासका कारण मानवको अस्तित्व नरहने अवस्था पैदाभैरहेको छ ।

जलपरिवेष्टित नभएकाले पानीको सतह बढेर भूपरिवेष्टित स्थानिक जस्ता भूखण्डमा निर्मित ठूलठूला इमारत-भवन, रिसोर्ट, होटल, पर्यटन, मानव समुदाय सामुद्रिक संसारमै विलय भएर नष्ट त नहोला । तर यदि अवस्था यस्तै रहे हिउँविहिन हिमालय पर्वत खण्डहर भएर पानीका मूलश्रोत सुकेर, मानव लगायत अन्य जीवजन्तु र सारा प्राणीको प्राणरगत प्रकृति धुस्न भएर पर्यटन पनि समाप्त हुनेछ । युद्ध संस्कृति, अविवेकी मानव व्यवहार, जातिवाद, जलवायु परिवर्तन, नीति र अभ्यास बिचको वेमेलता, उपभोक्तावादी प्रणालीअमैत्री गतिविधि, प्रकृतिको श्रेष्ठता, दार्शनिक जीवन मूल्य, ज्ञान, विज्ञानको खिलापका कारण सिङ्गै पर्यटन प्रणालीको क्षेत्र अनिश्चित बन्दैगएको छ ।

जसैजसै प्रकृति विनाश गर्ने गतिविधि चलिरहेको छ तसैतसै बाँकि मानवको अस्तित्व पनि सङ्कटमा परिरहेको छ । पश्चिमी जीवन विश्वको भौतिक पक्ष निर्माण भएर पनि क्रमश समाप्त हुने र उठ्नेक्रम चलिरहेको छ । स्थानिक विश्व बन्नै नदिएर समाप्त पार्ने हरकत चलाइरहिएको छ । असत्य (अरितम) विरुद्ध विकास भएको रितम (सत्य) वैदिक दार्शनिक सिद्धान्त ब्रम्हाण्डीय प्रणालीको नियम (कष्मिक ल) र रीत संसारको सत्य ज्ञानको खोजि गर्ने विधिको जरो र नसो नै काटिएको छ । पर्यावरण विनाश, ग्लोबल वार्मिङ्ग, समग्र पर्यावरण प्रदूषित बनेर प्रकृति, मानव तथा पृथ्वी नै सङ्कटग्रस्त भएर खतरा उत्पन्न भएको छ ।

पर्यटन प्रणालीमा यसप्रकारको निराशाको अवस्था मात्र होइन पर्यावरणीय सन्तुलन निर्माणका सम्भावना प्रशस्त र उत्तिकै विद्यमान छन् । यसका लागि पर्यटन, प्रकृति र संस्कृतिको अवस्था पुनःउत्थान गर्नेगरी बौद्धिक ज्ञान निर्माण गर्नु आवश्यक छ । सन्तुलित पर्यटन प्रणालीको सुनिश्चितताका लागि प्रभावकारी

आर्थिक, वैचारिक, राजनीतिक, धार्मिक, सांस्कृतिक प्रक्रिया र राज्य संयन्त्र परिचालन अनिवार्य हुन्छ । एउटा पारदर्शि संस्थागत खाका (ट्रान्सप्यारेन्ट इन्स्टिच्युसनल फ्रेमवर्क) भित्र रहेर यी तत्त्वको व्यवस्थापन गर्नं मात्र पर्यटन प्रणाली सबलिकरणको निम्ति सतत् प्रयास हुन्छ । आन्तरिक पर्यटन प्रबर्द्धनका लागि राष्ट्रिय पहिचान र सम्पदाका महत्त्वपूर्ण धरोहरहरू विद्यमान छन् । यसर्थः मानव समुदाय, राजनीति, पर्यटन, संस्कृति र पर्यावरण सबै प्रकृतिमैत्री हुनु अनिवार्य छ ।

## सन्दर्भ सामाग्रीहरू


Agrawal, B. (1994). *A field of one's own: Gender and land rights in South Asia*. Cambridge University Press.

Bhasin, K. (2000). *Understanding gender*. Kali for Women.

Bos, A. L., Greenlee, J. S., Holman, M. R., Oxley, Z. M., & Lay, J. C. (2022). This one's for the boys: How gendered political socialization limits girls' political ambition and interest. *American Political Science Review, 116*(2), 484–501. https://doi.org/10.1017/S0003055421001027

Bourdieu, P. (1977). *Outline of a theory of practice*. Cambridge University Press.

Chhetri, R. B. (1999). The rhetoric and realities of people's participation in conservation and development in Nepal: An anthropological perspective. In R. B. Chhetri & O. P. Gurung (Eds.), *Anthropology and sociology of Nepal: Cultures, societies, ecology and development* (pp. 192–211). SASON.

Crenshaw, K. (1991). Mapping the margins: Intersectionality, identity politics, and violence against women of color. *Stanford Law Review, 43*(6), 1241–1299.

Demetriades, J., & Esplen, E. (2009). The gender dimension of poverty and climate change adaptation. *IDS Bulletin*. https://doi.org/10.1111/j.1759-5436.2008.tb00473.x

Election Commission of Nepal. (2017). *Election results of 2017*.

Election Commission of Nepal. (2022). *Election results of 2022*.

Fox, R. L., & Lawless, J. L. (2011). Gendered perceptions and political candidacies: A central barrier to women's equality in electoral politics. *American Journal of Political Science, 55*(1), 59–73.

Fraser, N. (1997). *Justice interruptus: Critical reflections on the "postsocialist" condition*. Routledge.

Gidengil, E., O'Neill, B., & Young, L. (2010). Her mother's daughter? The influence of childhood socialization on women's political engagement. *Journal of Women, Politics & Policy, 31*(4), 334–355. https://doi.org/10.1080/1554477X.2010.533590

Government of Nepal. (2017a). *Local Level Election Act 2017*. Kathmandu.

Government of Nepal. (2017b). *The National Civil Code 2017*. Kathmandu.

Manandhar, S. (2021). Women representation in Nepalese local election 2017: Issues and challenges.

*Journal of Political Science, 21*, 34–48. https://doi.org/10.3126/jps.v21i1.39283

Mansbridge, J. (1999). Should Blacks represent Blacks and women represent women? A contingent "yes". *The Journal of Politics, 61*(3), 628–657.

Norris, P., & Inglehart, R. (2001). Women and democracy: Cultural obstacles to equal representation. *Journal of Democracy, 12*(3), 126–140. https://doi.org/10.1353/jod.2001.0054

Pokharel, B., & Pradhan, M. S. (2020). *State of inclusion governance: A study on participation and representation after federalization in Nepal*. Central Department of Anthropology, Tribhuvan University.

Poudel, J. M. (2016). Women's participation in community forestry: An important aspect for good governance. *Hamro Ban Sampada, 13*(1), 91–99. (In Nepali)

Pradhan, P. (2009). The status of women in political participation in Nepal. *The Himalayan Review, 35–36*, 65–77.

Prasain, I. D., & Dhakal, R. P. (2024). Women's representation in three-tier elections in Nepal (2017–2022). *The Journal of Knowledge and Innovation, 10*(1), 38–49. https://doi.org/10.3126/jki.v10i1.67195

Sapkota, M. (2024). Political leadership of women in Nepal: A critical observation from the local elections 2022. *Journal of Political Science, 24*(1), 1–19. https://doi.org/10.3126/jps.v24i1.62850

Upreti, B. R., Upreti, D., & Ghale, Y. (2020). Nepali women in politics: Success and challenges. *Journal of International Women's Studies, 21*(2).

Valverde, M. E. R. (2011). Gender-based political harassment and violence: Effects on the political work and public roles of women. *New Solutions: A Journal of Environmental and Occupational Health Policy, 20*(4), 527–535. https://doi.org/10.2190/NS.20.4.i

Weeks, A. C. (2018). Quotas and party priorities: Direct and indirect effects of quota laws. *Political Research Quarterly, 72*(4), 849–862. https://doi.org/10.1177/1065912918809493

Yadav, P. (2023). Do political quotas work? Gender quotas and women's political participation in Nepal. *European Journal of Politics and Gender, 7*(2), 143–161. https://doi.org/10.1332/251510821X16746560835644

शर्मा, डा. कमलराज, *ब्रह्मास्त्रःस्थानिक अर्थराजनीतिक संस्कृति रूपान्तरणको सूत्र,* २०२४ (बि.सं. २०८१)

शर्मा, डा. कमलराज, *बौद्ध दर्शनमा अन्तर्निहित भौतिकवादी दृष्टिकोण : संक्षिप्त विवेचना,* सिद्धार्थ विश्वविद्यालय पाटनमा प्रस्तुत कार्यपत्र, २०६२ ।

उप्रेती, प्रो. डा. गोपी, *प्रकृत्या सह जीवनम्, २०२४,* समीता उप्रेती (रिजाल), ई. प्रेस प्रा. लि., नयाँ बानेश्वर, काठमाडौं।

भगवत गीता, *स्वामी विवेकानन्द हिन्दी अनुवाद,* श्रीगीता प्रेस, गोरखपुर, उत्तरप्रदेश, भारत, १९८६

भगवत गीता, *महर्षि अरविन्द हिन्दी अनुवाद,* रामकृष्ण मिसन प्रेस, वेलुरमठ, हावडा, पश्चिमबंगाल, भारत, २००४ ।

ऋग्वेद, *स्वामी विवेकानन्द हिन्दी अनुवाद,* विवेकानन्द प्रतिष्ठान, काठमाडौँ, नेपाल १९८० ।

ऋग्वेद, *स्वामी धर्मतीर्थ हिन्दी अनुवाद,* भारतीय विद्यानिकेतन १९५०

ऋग्वेद, पं. *सूर्यनाथ यादव नेपाली अनुवाद,* नेपाल संस्कृत विश्वविद्यालय, काठामाडौं, नेपाल १९८७ ।

*यजुर्वेद,* नेपाल विद्यापीठ, १९८१ ।

सामवेद, *शिवाजी प्रकाशन,* काठमाण्डौ नेपाल, १९७६ ।

*श्रीविष्णुपुराण,* मनिलाल गुप्त अनवादित, गीताप्रेस, गोरखपॅर २०७६ ।

*अथर्ववेद,* नेपाल संस्कृत विश्वविद्यालय, काठामाण्डौ, नेपाल ।

लुइटेल र दाहाल, *चार वेदको सार,* मञ्जरी पलिकेशन, पुतलीसडक, काठमाडौँ, २०७४ ।

*ईशादि नौ उपनिषद,* माधव देवकोटा अनुवादित, नेपाल प्रज्ञा प्रतिष्ठान, २०३० वि.स. ।

हिरियन्ना, *एम. भारतीय दर्शन की रूपरेखाः प्रारम्भिक बौद्ध धर्म,* राजकमल प्रकाशन, नयाँ दिल्ली, १९९७

गोयन्का, *क्ल्याणमित्र सत्यनारायण, जागे मंगल प्रेरणा,* सस्ता साहित्य मण्डल प्रकाशन, नयाँ दिल्ली, १९९०

*वुलेटिन,* अंक १५ र १६, सिद्धार्थ विश्वविद्यालय २०६० ।

*धम्मपदः* २:१, १:१२

अनु. दुण्ड बहादुर बज्राचार्य, *सुत्तपिटकको मज्झिम निकाय,* भाग १० र ६३ वीरपूर्ण पुस्तक संग्राहलय २०५७।